# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
## सुदूरपश्चिम प्रदेश कार्यालय
## धनगढी, कैलाली
## प्रशिक्षण सामाग्रि अनुदान प्रस्तावना पेश गर्ने सम्वन्धी सुचना!

(प्रकाशित मिति २०८१/११/०५)

प्रस्तुत विषयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,सुदूरपश्चिम प्रदेश कार्यालयको चालु आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रममा व्यवस्था भए वमोजिम यस प्रदेश कार्यालय अन्तर्गतका सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम (TECS) विद्यालयहरु र साझेदारी स्वरुपमा संचालनमा रहेका शिक्षालयहरुमा चालु शैक्षिक शत्रमा सञ्चालित कार्यक्रममा स्वीकृत कोटाको कम्तिमा ५० प्रतिशत भन्दा बढी विधार्थीहरु भर्ना भई रजिष्ट्रेशन कायम भएका र गत शैक्षिक सत्रको प्रशिक्षार्थीहरुमध्ये सेमेष्टर/बार्षिक परीक्षामा कम्तिमा एक कार्यक्रममा तोकिएको कोटाको ५० प्रतिशत प्रशिक्षार्थीहरु परीक्षामा सम्मिलित भएका शिक्षण संस्थाहरुलाई चालु आर्थिक वर्षको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।०८२ मा उल्लेख गरिएका मापदण्डहरु पूरा भएका विद्यालय तथा शिक्षालयहरुलाई प्रशिक्षक पारीश्रमिक, विषयगत औजार उपकरण र दैनिक प्रशिक्षण सामाग्रि तथा प्रयोगात्मक अभ्यासको सुनिश्चितताको लागि रु. तीन लाख अनुदान उपलब्ध गराइने हुँदा सो को लागि यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र (मिति २०८१।१२।१० गते भित्र) तपशिलका कागजातहरु संलग्न गरी अनुदानको लागि प्रस्तावना फाराम पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल:-</u>

१. चालु शैक्षिक शत्र २०८१।०८२ को विधार्थी भर्ना तथा रजिष्ट्रशन अभिलेख

२. शुल्क निर्धारण सम्बन्धि व्यवस्थापन समितिको पछिल्लो निर्णय प्रतिलिपि।

३. परिषद् कार्यालयबाट सम्बन्धन स्वीकृती पत्रको प्रतिलिपी ।

४. शैक्षिक उपकरण खरिद प्रस्तावना रु. तीन लाख सम्म (मूल्य समेत खुल्ने गरी) ।

५. गत आ.व. २०८०।०८१ को आन्तरिक तथा अन्तिम लेखापरिक्षण प्रतिवेदन ।

६. गत शैक्षिक शत्रमा भर्ना भई अन्तिम बार्षिक/सेमेष्टर परीक्षामा सम्मिलित भएका प्रशिक्षार्थीहरुको समष्टिगत विवरण ।

नोट:- अनुदान प्रस्तावना फाराम २०८१ www.ctevtsppo.org.np बाट डाउनलोड गरी प्रत्येक पेजको विवरण अनिवार्य भरी परिषद्, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलालीमा पेश गर्नु पर्नेछ

**निर्देशक**